# मानव अधिकार र इतिहास-पुराणका मानवीय मूल्यहरू

**ऐन्दवी शर्मा**[1]

**इमेल** : aindavisharma@gmail.com

Sharma, A. (2026). मानव अधिकार र इतिहास-पुराणका मानवीय मूल्यहरू. *Sambahak: Human Rights Journal*, *26*(1), 29–49. https://doi.org/10.3126/sambahak.v26i1.96280

***सार-सङ्क्षेप***

*इतिहास र पुराणहरू वैदिक धर्मका महत्त्वपूर्ण ग्रन्थहरू हुन्, जो वेद, उपनिषद् र स्मृतिहरूपछि अग्रस्थानमा आउँछन्। संस्कृत वाङ्मयमा वाल्मीकि-रामायण र महाभारत इतिहासअन्तर्गतका ग्रन्थ छन् भने १८ महापुराण, १८ उपपुराण र १८ औपपुराणहरू पुराणअन्तर्गतका छन्। वेद र स्मृतिका कुरा सर्वसाधारणलाई बुझ्न गाह्रो भएकाले सरल कथाहरूका माध्यमबाट तिनलाई धर्म, दर्शन, संस्कृति इत्यादिका महत्त्वपूर्ण कुरा बुझाउन पुराणहरूको रचना गरिएको हो। पौराणिक कालमा सर्वसाधारणका निम्ति ज्ञानको एकमात्र स्रोत इतिहास र पुराण थिए, जसबाट धर्म, दर्शन, कला, साहित्य, न्याय, आचार, विधि, नियम इत्यादि जान्न सकिन्थ्यो। यिनै ऐतिहासिक र पौराणिक ग्रन्थहरूमा आधुनिक मानव अधिकारका अवधारणा र स्वरूप पनि पृथक् किसिमले कोरिएका भेटिन्छन्। यिनै ग्रन्थहरू तथा अन्य धर्मशास्त्रीय ग्रन्थहरूमा समेत पाइने मानव अधिकारसँग सम्बद्ध अवधारणा तथा विषयहरूको अन्वेषण यहाँ गरिएको छ। यस अध्ययनले आधुनिक मानव अधिकारका नियम बन्नुभन्दा हजारौँ वर्षअगाडिका प्राचीन पौरस्त्य शास्त्रहरूमा मानवीय मूल्य, मान्यता, मर्यादा, सामाजिक न्याय र लोककल्याणका अवधारणाहरू धर्म-संस्कृतिका रूपमा रहेको कुरा पुष्टि गर्दछ। अठार महापुराण, महाभारत, रामायण तथा मनुस्मृतिजस्ता ग्रन्थहरूको अध्ययन र विश्लेषण गर्दा प्राचीन पौराणिक समाजमा पनि स्वतन्त्रता, समानता, सकारात्मक विभेद, न्याय, जीविका, स्वास्थ्य र सामाजिक संरक्षणलगायतका आधारभूत मानव अधिकारहरू केही भिन्न तथा विशिष्ट रूपले रहेको कुरा बुझ्न सकिन्छ।*

***प्रमुख शब्दकुञ्जीहरू*** :

कर्तव्य, धर्म, न्याय, पुराण, मानव अधिकार, शास्त्र

[1] स्वतन्त्र लेखन र अध्यापन (पौरस्त्य वाङ्मय)

## परिचय

मानव भन्नासाथ हामी विवेकशील, आत्मसचेत र सामाजिक रूपमा स्वायत्त प्राणी भन्ने बुझ्दछौं, जसको पहिचान उसको धर्म, कर्तव्य, नैतिकता, ज्ञान, विश्वास, कला आदिबाट हुन्छ। पौरस्त्य दृष्टिकोणले हेर्दा मानव केवल स्वतन्त्र तथा स्वायत्त प्राणीमात्र नभई सम्पूर्ण ब्रह्माण्ड, पृथ्वी, समाज र प्रकृतिको एक अभिन्न अंश पनि हो भन्ने देखिन्छ। वैदिक परम्परामा मानवीय अस्तित्वको सार्थकता उसको व्यक्तिगत अधिकार र सुखसुविधा पूरा गर्नुमा मात्र नभई आत्मकल्याण र लोककल्याणका निम्ति स्वधर्मको र स्वकर्तव्यको पालन गर्दै आध्यात्मिक लक्ष्य प्राप्त गर्नुमा पनि छ भन्ने बुझिन्छ। यहाँ स्वधर्म भन्नाले साधारण मानवीय कर्तव्यका साथै देशधर्म, जातिधर्म र कुलधर्मलाई समेत जनाउँदछ। अधिकार र कर्तव्य एकअर्काका परिपूरक कुरा भएकाले कर्तव्य पूरा नगरीकन अधिकार प्राप्त हुँदैन भन्ने सिद्धान्त पौराणिक शास्त्रमा व्याख्या गरिएको देखिन्छ। अधिकार र कर्तव्य एक सिक्काका दुई पाटाजस्ता हुन्। कसैको अधिकार अरू कसैको धर्म (कर्तव्य) हुन आउँछ। बच्चा जन्मिसकेपछि आमाको दुध चुसेर हुर्कन पाउनु उसको अधिकार हो भने बच्चालाई दुध चुसाएर हुर्काउने कर्तव्य आमाको हो, जन्मेपछि बाँच्न पाउने अधिकार बच्चाको हो भने हुर्काउने कर्तव्य आमाबाबुको हो। त्यसैगरी बुढेसकालमा आमाबाबुको सेवा गर्नु छोराछोरीको कर्तव्य हो भने छोराछोरीबाट सेवा पाउने अधिकार आमाबाबुको हो। यसरी प्रत्येक व्यक्तिले आफ्नो कर्तव्य पालन गर्दा अरूको र आफ्नो पनि कल्याण हुन्छ, साथै समाज पनि समुन्नत र सुखी हुन्छ। अतः धर्म र कर्तव्यभित्रै हिजोआजको 'अधिकार' पनि अन्तर्भूत हुन्छ भन्ने कुरा पुराणहरूको अध्ययनबाट बुझ्न सकिन्छ। यसरी पौराणिक कालमा समाजलाई सभ्य, सुसंस्कृत र सुसम्पन्न बनाउन धर्मले नै प्रमुख भूमिका खेलेको देखिन्छ। प्राचीन कालमा कानुनका रूपमा शास्त्र नै रहेको प्रमाण मिल्दछ। 'के गर्ने के नगर्ने भन्ने (कर्तव्य र अकर्तव्य) निर्णय गर्न शास्त्रकै प्रमाणको आश्रय लिनुपर्छ' भनेर भगवद्गीतामा श्रीकृष्णले अर्जुनलाई उपदेश गर्नुभएको छ–

> तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
> ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहाऽर्हसि॥ (श्रीमद्भगवद्गीता १६।२४)

वैदिक (हिन्दु) विधिशास्त्रले वेदको विधानलाई नै मुख्यतया विधि वा कानुनको स्रोतका रूपमा ग्रहण गर्छ (कौण्डिन्न्यायन, २०६३, पृ.५६-५७)। त्यसपछि स्मृति तथा पुराणको आज्ञालाई पनि व्यवहारिक निर्णयका लागि समेत विधिका स्रोतका रूपमा लिइन्छ। त्यसैले वेद, वेदाङ्ग, धर्मसूत्र, विविध स्मृति, पुराण, रामायण, महाभारत इत्यादि वैदिक शास्त्रीय ग्रन्थहरू नै हिन्दु विधिशास्त्रका मूल स्रोत मानिन्छन्। पुराण भन्नाले पुरानो समयमा भएको (पुरा भवम् इति पुराणम्) अथवा पुरानो

समयमा नयाँ नै भएको अथवा पुरानो भए पनि नयाँजस्तो देखिने (पुराणं कस्मात्? पुरा नवं भवति) भन्ने बुझिन्छ। अर्कातर्फबाट 'पुर' भनेको शहर र 'अण' भनेको ज्ञान हो, अन्ततः पुराण भनेको ज्ञानको सहर भन्ने बुझिन्छ ।पुराणहरूले वेदमै भएका विषयलाई शैलीपरिवर्तन गरेर सर्वसाधारण व्यक्तिका निम्ति कथाका माध्यमले सरल रूपले व्याख्या गरेका छन्। पुराणलाई पञ्चम वेद पनि भनिन्छ। पुराणहरूमा मुख्य रूपले सृष्टि, प्रलय, ऋषिवंश, राजवंश, मन्वन्तर एवम् ती वंशमा जन्मिएका विशिष्ट व्यक्तिहरूको चरित्र यति पाँच कुराको वर्णन गरेर श्रुति-स्मृतिले बताएका धर्मको स्वरूप र प्रयोजन लोकलाई बुझाउने, शिष्टाचारको मार्ग देखाउने र वेदको पुष्टि गर्ने गरिएको पाइन्छ (कौण्डिन्न्यायन, २०८०, पृ.३०९)। पुराणहरू तीन वर्गमा बाँडिएका छन्। पहिलो वर्गमा महापुराणहरू, दोस्रो वर्गमा उपपुराणहरू र तेस्रो वर्गमा औपपुराणहरू आउँछन् (पूर्ववत्, पृ.३१२)। महापुराणहरू १८ वटा छन्– ब्रह्मपुराण, पद्मपुराण, विष्णुपुराण, वायुपुराण, नारदीयपुराण, मार्कण्डेयपुराण, अग्निपुराण, भविष्यपुराण, ब्रह्मवैवर्तपुराण, लिङ्गपुराण, वराहपुराण, स्कन्दपुराण, वामनपुराण, कूर्मपुराण, मत्स्यपुराण, गरुडपुराण र ब्रह्माण्डपुराण। यी अठारै महापुराणहरू व्यासजीले वेद पढ्न नसक्नेहरूका लागि शिक्षा दिन रचेका हुन् भनी पुराणहरूमै उल्लेख गरिएको छ। 'अठारै महापुराणहरूमा परोपकार गरे पुण्य पाइन्छ र परपीडन गरे पाप लाग्छ भनेर व्यासजीले सारांशमा उल्लेख गर्नुभएको छ' भन्ने श्लोक सर्वत्र प्रख्यात छ–

अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम्।
परोपकारः पुण्याय पापाय परपीडनम्॥ (प्रसिद्ध सूक्ति)

परापूर्वकालमा अधिकारको माग गरिँदैनथ्यो, त्यो त कर्तव्यको पालनाबाट स्वतः प्राप्त हुने प्रतिफल मानिन्थ्यो। 'सबै कर्तव्यनिष्ठ र धार्मिक हुँदा त्यतिबेला न राज्यको, न त राजाको नै आवश्यकता थियो, न कसैलाई दण्ड दिनुपर्थ्यो, न त कोही दण्ड दिने अधिकारी नै चाहिन्थ्यो। केवल धर्मबाट नै सबै सुरक्षित हुन्थे। त्यतिबेला आदर्श समाज चलेको थियो'। यो कुरा महाभारतमा यसरी भनिएको छ–

न राज्यं न च राजाऽऽसीन्न दण्ड्यो न च दाण्डिकः।
धर्मेणैव प्रजाः सर्वा रक्षन्ति स्म परस्परम्॥ (महाभारत शान्तिपर्व ५९।१४)

तर आधुनिक समाजमा धर्मको ह्रास हुँदै गएर धर्मबाट स्वतः प्राप्त हुने सार्वलौकिक कल्याण लोप हुन गयो र लोककल्याणकारी शासनव्यवस्था तथा सभ्य समाजको परिकल्पना नै दुष्कर हुन थाल्यो, जताततै कुशासन चल्ने अवस्था आयो। अनि शासकसँग विभिन्न अधिकारको माग राख्नुपर्ने र विविध प्रकारको कानुन बनाउनुपर्ने अवस्थामा समाज आइपुग्यो। दुर्बलहरूको संरक्षणका निम्ति आधुनिक

कालमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका कानुनका सिद्धान्तहरू बनेका छन्। धर्म दुर्बलहरूको पनि बल हो भनेर यो कुरा शास्त्रमा उहिल्यै नै बताइसकिएकै थियो। बृहदारण्यकोपनिषद्मा 'ब्रह्मले कल्याणस्वरूप धर्म राम्ररी सृष्टि गरे, त्यो धर्म क्षत्रियको (राजाको) पनि नियामक हो, त्यसैले धर्मभन्दा उत्तम वस्तु अर्को छैन। अतः दुर्बलले पनि बलियालाई धर्मद्वारा जित्न खोज्दछ' भनिएको छ–

तच्छ्रेयोरूपमत्यसृजत धर्मं तदेतत् क्षत्रस्य क्षत्रं यद् धर्मस् तस्माद् धर्मात् परं नास्त्यथो अबलीयान् बलीयांसमाशंसते धर्मेण। (बृहदारण्यकोपनिषद् १।४।१४)

पुराणहरूले पनि विभिन्न कथाहरूका माध्यमले शिक्षा दिएर सुसभ्य समाज बनाउन र समाजमा न्यायपूर्ण व्यवस्था कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्, साथै परलोकको भय देखाएर मानिसलाई पाप वा दुष्कर्मबाट टाढा रहन पनि प्रेरित गरेका छन्। यी महापुराणहरू पौरस्त्य संस्कृतिको मेरुदण्ड वा आधारपीठसमेत हुन्। तसर्थ संस्कृतिको स्वरूप र विविध रीतिरिवाज जान्नका लागि तथा धर्म, अर्थ, काम र मोक्षको शिक्षा लिन पनि पुराणहरूको अध्ययन आवश्यक छ, साथै व्यावहारिक नीति-नियम र मानव अधिकारका बारेमा पौराणिक ग्रन्थहरूमा भएको व्यवस्था उजागर गर्न पनि पौराणिक ग्रन्थहरूमा भएका मानव अधिकारसँग सम्बद्ध अध्ययन आवश्यक छ। मुख्य कुरा सबै व्यक्ति धार्मिक र कर्तव्यनिष्ठ हुँदा मानव अधिकार स्वतः नै सबैलाई प्राप्त हुने स्थिति बन्छ भन्ने देखिन्छ।

## समस्या र उद्देश्य

आधुनिक मानव अधिकारका अवधारणाहरूलाई समर्थन गर्ने व्यवस्था पुराण तथा अरू प्राचीन शास्त्रीय ग्रन्थहरूमा पाइन्छन् कि पाइँदैनन्? पौराणिक ग्रन्थहरूमा आधुनिक मानव अधिकारको अवधारणा बोकेका केकस्ता नियमहरू छन्? प्राचीन मानवीय धर्म र आधुनिक मानव अधिकारका व्यवस्था केकसरी समान वा भिन्न छन् अथवा पूरक छन्? यो लेख यी प्रश्नहरूको समाधानमा केन्द्रित रहेको छ।

## अध्ययन र अनुसन्धानको विधि

यो लेख तयार गर्दा गुणात्मक अनुसन्धानविधि अपनाइएको छ। आवश्यक तथ्यहरू प्राथमिक र द्वितीयक स्रोतबाट लिइएका छन्। प्राप्त तथ्यहरूलाई तुलना र विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ। शास्त्रीय ग्रन्थका मूल वचनहरू अनुवादसहित दिएर तिनको विवेचना गरिएको छ।

## मानव अधिकारको विकास

जन्म लिनासाथ स्वतः अधिकार र कर्तव्यको भुँवरीमा परिने हुँदा अति प्राचीन कालबाटै यिनको अवधारणा समाजमा रहेकै पाइन्छ तथापि पश्चिमाजगत्मा म्याग्नाकार्टालाई मानव अधिकारको सुरुवात मानिन्छ। सन् १२१५ जून १५मा इङ्ग्ल्याण्डमा राजाद्वारा जारी भएको म्याग्नाकार्टामा कानुनका दृष्टिमा सबै समान हुने तथा राजा पनि कानुनभन्दा माथि नहुने भनिएकाले मानव अधिकारको विकासको प्रारम्भिक बिन्दु यसैलाई लिन सकिन्छ । यसका साथै अमेरिकामा सन् १७७६मा भएको स्वतन्त्रता-सङ्ग्रामले स्वतन्त्रता, समानता र बाँच्न पाउने अधिकारलाई मौलिक अधिकारका रूपमा मान्यता दिएपछि यो नै आधुनिक मानव अधिकारको विकासको प्रस्थानबिन्दु बन्न पुग्यो। त्यसैगरी सन् १७८९को फ्रान्सेली राज्यक्रान्तिको उपजका रूपमा जारी गरिएको नागरिक अधिकारपत्र (Bill of rights) ले स्वतन्त्रता र समानताको कुरालाई जोड दियो। यसपछि दोस्रो विश्वयुद्ध (सन् १९४५) को विभीषिकापश्चात् मानवीय मूल्यको संरक्षणको आवश्यकता अनुभव गरी संयुक्त राष्ट्रसंघको महासभाले १९४८ डिसेम्बर १० का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र Universal Declaration of Human Rights (UDHR) स्वीकृत गऱ्यो। यसबाट आधुनिक मानव अधिकारलाई विश्वव्यापी रूपमा कानुनी र नैतिक मान्यता प्राप्त भयो।

नेपालमा मानव अधिकारको विकासक्रम हेर्दा राणा प्रधानमन्त्री पद्मसम्सेरका पालामा वि.सं. २००४ मा जारी भएको नेपाल सरकार वैधानिक कानुनमा केही मौलिक हकको व्यवस्था गरिएको भए पनि त्यो कार्यान्वयनमा आउन सकेको थिएन। त्यसपछि वि.सं. २००७ मा प्रजातन्त्रको सुरुवातसँगै नेपालको अन्तरिम शासन विधान लागु भयो, तथापि मानव अधिकारको अवधारणाचाहिँ उल्लेख्य रूपमा व्यवस्थित हुन सकेन। वि.सं.२०१५ को संविधानमा नागरिक अधिकारका रूपमा वाक्स्वतन्त्रता र नागरिकस्वतन्त्रताको व्यवस्था भएको थियो तर २०१७ सालमा आएको पञ्चायती व्यवस्थाबाट ती स्वतन्त्रताहरू खोसिए र अधिकार राजामा मात्र सीमित हुन पुग्यो। वि.सं. २०४७ को संविधानमा मानव अधिकारहरू समावेश गरिए। अनि २०५७ सालमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना पनि भयो। त्यसपछि अन्तरिम संविधान २०६३ ले यस आयोगलाई संवैधानिक आयोगका रूपमा व्यवस्था गऱ्यो। तत्पश्चात् २०७२ सालको संविधानले संवैधानिक उपचारको हकसहितको मौलिक हकहरूको व्यवस्था समावेश गर्दै राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक आयोगकै रूपमा व्यवस्था गरी मानव अधिकारको विषयलाई थप सबल बनायो।

## पुराणहरूमा मानवीय मूल्य र धर्म

'मानिसहरू जन्मैदेखि प्रायः बहिर्मुखी हुन्छन् र इन्द्रियहरूका शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषयमा लुब्ध हुन्छन्। कोहीकोही धीर व्यक्ति मात्रै अन्तरमुखी दृष्टि राखेर अमरत्व प्राप्त गर्न आत्मस्वरूपको विचार गर्नीतिर लाग्छन्' भनेर वेदले (उपनिषद्ले) पनि मानवप्रवृत्तिको वस्तुस्थिति प्रकाशित गरेको छ–

पराञ्चि खानि व्यतृणत् स्वयम्भूस् तस्मात् पराङ् पश्यति नान्तरात्मन्।
कश्चिद् धीरः प्रत्यगात्मानमैक्षदावृत्तचक्षुरमृतत्वमिच्छन्॥ (कठोपनिषद् २।१।१)

मानिसको सहज दुष्प्रवृत्तिबाट व्यक्ति, कुटुम्ब (परिवार), समाज र राष्ट्रलाई जोगाउन राष्ट्रिय दण्डको व्यवस्था गरिन्छ र दण्ड दिने अधिकारी पनि खडा गरिन्छ। तर ती मान्छेका हृदयमा गहिरो प्रभाव पार्न असमर्थ देखिन्छन्। पहुँचमा पुगेकाले समाजका आँखा छलेर गम्भीर अपराध पनि गर्ने गर्छन्। यो सबैबाट जोगाउन धर्मविचार नै एउटा यस्तो तत्त्व छ, जो मान्छेका हृदयभित्र घुसेर उक्त दुष्प्रवृत्तिको शमन गर्न समर्थ हुन्छ। शास्त्रमा 'परस्परका भयले र राजदण्डका भयले मात्र पापको वा दुष्प्रवृत्तिको नियन्त्रण हुन नसक्ने हुनाले यमदण्डले पनि त्यसको नियन्त्रण गर्ने' कुरा देखाइएको छ–

राजदण्डभयादेके पापाः पापं न कुर्वते।
यमदण्डभयादेके परलोकभयादपि॥
परस्परभयादेके पापाः पापं न कुर्वते।
एवं सांसिद्धिके लोके सर्वं दण्डे प्रतिष्ठितम्॥ (महाभारत, शान्तिपर्व १५।५-६)

धर्म दुर्बलहरूको ठुलो बल र निरुपाय दुःखित पीडितहरूको धैर्य धारण गरेर बाँच्ने आधार पनि हो। 'धर्म राजाको पनि राजा हो र राजालाई पनि धर्मले नै शासन गरेको हुन्छ'–

तदेतत् क्षत्रस्य क्षत्रं यत् धर्मः। (बृहदारण्यकोपनिषद् १।४।१४)

यसबाट प्राचीन वैदिक परम्परामा राजा पनि कानुनभन्दा माथि हुन्थेनन् र राजालाई पनि कानुन लाग्थ्यो भन्ने कुरा पनि स्पष्ट हुन्छ। अतः विधिको शासन भन्ने कुरा हाम्रै प्राचीन परम्पराको उपज हो, नयाँ कुरा होइन भन्ने बुझिन्छ।

पुराणहरूले सदाचारी र जितेन्द्रिय व्यक्तिहरूले धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थ प्राप्त गर्ने कुरा उल्लेख गरेर उनीहरूकै कारणले पृथ्वी टिकिरहने कुरा गर्दै मानवलाई काम, क्रोध, लोभ, मोह

इत्यादिबाट बच्न प्रेरित गरेका छन्। अर्थात् 'जो महापुरुष कहिल्यै पनि राग, द्वेष, काम, क्रोध, लोभ आदिको वशीभूत हुँदैनन् तथा सधैं सदाचारमा रहन्छन्, तिनैका प्रभावले पृथ्वी टिकिरहेको हो'–

ये कामक्रोधलोभानां वीतरागा न गोचरे।

सदाचारस्थितास्तेषामनुभावैर्धृता मही॥ (विष्णुपुराण ३।१२।४२)

यसरी दुष्प्रवृत्तिबाट बच्न मान्छेलाई स्वयं सावधान हुन प्रेरणा गर्ने तत्त्व धर्म नै हो भन्ने कुरा स्पष्ट हुन्छ। धर्मविचारलाई फैलाउन पौराणिक ग्रन्थहरूले अत्यन्त महत्त्वपूर्ण योगदान दिएका छन्। यद्यपि पौराणिक ग्रन्थहरूमा मानव अधिकार भन्ने अधिकारको कुनै उल्लेख छैन (सिवाकोटी, २०७७, पृ.३१), तथापि पौराणिक ग्रन्थहरूमा समाजलाई सभ्य र सुसंस्कृत राख्न तथा मनुष्यहरूको जीवनलाई परिपालन गर्न साधारण मनुष्यधर्मको उल्लेख गरिएको छ, जुन समस्त मानवहरूको दायित्वका रूपमा चित्रित छ। यसरी पौराणिक कालमा पनि मानव अधिकारको अवधारणा साधारण धर्मका रूपमा थियो भनेर पौराणिक ग्रन्थहरूले पुष्टि गर्दछन्। पौराणिक ग्रन्थहरूमा सर्वमानवधर्म, वर्णधर्म, आश्रमधर्म, राजधर्म, नारीधर्म इत्यादि अनेक प्रकारका धर्मले नै संसारलाई ठिक प्रकारले शासन गरेको उल्लेख पाइन्छ। महाभारतको शान्तिपर्वमा भीष्मले युधिष्ठिरलाई दिएका राजधर्मसम्बन्धी ज्ञानमा जुन युद्धसम्बन्धी नियमहरू पाइन्छन् ती अहिलेको अन्तर्राष्ट्रिय मानवीय कानुनहरूअन्तर्गत पर्ने जेनेभा महासन्धिमा पनि उल्लिखित छन् (कौण्डिन्न्यायन, २०६०, पृ.१४-१५)। मानवीय कानुनसम्बन्धी अवधारणाको विकास पनि शास्त्रीय ग्रन्थहरूमै देख्न सकिन्छ भन्ने अनुसन्धाताहरूको भनाइ छ (झा, २०८१, पृ.१०-११)।

### पौरस्त्य सभ्यताका नैतिक मूल्य र मानव-व्यवहार

धर्मशास्त्र र पौराणिक ग्रन्थहरूमा मानवले नगरी नहुने कर्तव्य र दायित्वका रूपमा धर्मलाई उल्लेख गरिएको छ। धर्मका धेरै आयामहरू छन्– ब्रह्माण्डीय शाश्वत व्यवस्था, प्राकृतिक व्यवस्थामा सन्तुलन, न्यायपूर्ण व्यवहार, सत्यनिष्ठापूर्ण आचरण, शुद्धता, अल्पभोग, दया, क्षमा, करुणा इत्यादि। यस ढाँचाभित्र केवल व्यक्तिगत कल्याणका निम्ति गरिने व्यवहार मात्र नभएर राज्यनीतिअन्तर्गत शासकहरूको पवित्र दायित्व (राजधर्म) र समाजको सामूहिक जिम्मेवारीसमेत पर्दछन्। हिन्दु परम्परामा सामान्य किसिमले हेर्दा साधारणधर्म र वर्णाश्रमधर्म गरेर दुईथरी धर्म देखिन्छन्। वर्णाश्रमधर्ममा परम्परागत सामाजिक चार वर्णअनुसारका र जीवनका चार अवस्थाविशेषका वा आश्रमअनुसारका आचरणहरू निर्दिष्ट हुन्छन् भने साधारणधर्ममा सबैले पालन गर्नुपर्ने मानवधर्महरू निर्दिष्ट हुन्छन्। प्राणीमात्रलाई पीडा नदिनु, सत्य बोल्नु, चोरी नगर्नु, बाहिरी र भित्री रूपमा पवित्र रहनु, इन्द्रियसंयम गर्नु, मन संयम गर्नु, दान दिनु, दुःखीमाथि दया गर्नु र क्षमा

गर्नु सबैको साधारण धर्म हो भनेर स्मृतिहरूमा र पुराणहरूमा उल्लेख गरिएको पाइन्छ। मनुस्मृतिमा सबै वर्णका निम्ति र वर्णाश्रमबाहिरका व्यक्तिका लागि पनि 'धैर्य, क्षमा, दम (मनको दमन), अस्तेय (अर्काको धन नलिनु), पवित्रता, इन्द्रियनिग्रह, धी (शास्त्रार्थको ज्ञान), विद्या (आत्मज्ञान), सत्य र अक्रोध यी १० वटा धर्म पालनीय छन्' भनेर तोकिएको छ (मनु, ६।९२)। विष्णुपुराणमा 'समस्त प्राणीहरूमा दया, सहनशीलता, अमानिता (अभिमान नगर्नु), सत्य, शौच (पवित्रता), अत्यधिक परिश्रम नगर्नु, मङ्गल (कल्याणकारी) आचरण गर्नु, प्रियवादिता (प्रिय बोल्नु), मैत्री, निष्कामता (सुखसुविधाहरूको कामना नगर्नु), अकृपणता (कञ्जुस्याइँ नगर्नु) र अनसूया (कसैको गुणमा दोष नदेख्नु) यी सबै वर्णका निम्ति सामान्य गुण हुन्' भनी बताइएको छ–

दया समस्तभूतेषु तितिक्षा नाऽतिमानिता।
दत्तं शौचमनायासो मङ्गलं प्रियवादिता॥
मैत्र्यस्पृहा तथा तद्वदकार्पण्यं नरेश्वर।
अनसूया च सामान्यवर्णानां कथिता गुणाः॥ (विष्णुपुराण ३।८।३६-३७)

यिनै मानवीय मूल्यहरू र नैतिक मूल्यहरूको उल्लेख सबैजसो पुराणहरूमा पाइन्छन्।

## मानव अधिकारको सिद्धान्त र पौराणिक धार्मिक नियम

संयुक्त राष्ट्रसंघको महासभाद्वारा १९४८ डिसेम्बर १० मा स्वीकृत मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) ले मानवीय व्यवहार र अस्तित्वका लागि आधारभूत मापदण्डहरूको रूपरेखा प्रस्तुत गरेको छ, जसले शान्ति, न्याय र स्वतन्त्रता प्राप्त गर्न सबै मानिस समान रूपले अधिकारी छन् भन्ने कुरा स्थापित गर्दछ। यी अधिकारहरूलाई बेवास्ता गर्दा प्रायः गम्भीर अत्याचारहरू हुन्छन् भन्ने कुरा पनि त्यहाँ उल्लेख गरिएको छ। उक्त घोषणापत्रअनुसार सबै व्यक्तिहरू स्वतन्त्र र समान रूपले जन्मेका छन्। अतः उनीहरू जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार राख्छन्। साथै दासत्व, यातना र मनमानी गिरफ्तारीजस्ता कार्यहरूबाट उनीहरू सुरक्षित हुन पाउनुपर्छ भन्ने व्यवस्था पनि त्यहाँ गरिएको छ। यसअतिरिक्त उक्त घोषणापत्रमा विचार, धर्म र अभिव्यक्तिको स्वतन्त्रता तथा रोजगारी, सामाजिक सुरक्षा र शिक्षासँग सम्बद्ध अधिकारहरूका साथसाथै विभिन्न नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पनि उल्लेख गरिएको पाइन्छ (मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८)।

अहिंसा, सत्य, अस्तेय (चोरी नगर्नु), दम (इन्द्रियहरूलाई वशमा राख्ने काम), क्षमा, दयाजस्ता शास्त्रीय ग्रन्थहरूमा सबैको कल्याणका निम्ति निर्दिष्ट मानवीय साधारण धर्मले अहिलेको मानव अधिकारका केही पक्षलाई व्यापक रूपमा झल्काउँछ। मानव अधिकारसम्बन्धी विश्वव्यापी

घोषणापत्र (१९४८) को धारा ३ ले 'सबैलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ' तथा धारा ५ ले 'कसैलाई पनि यातना दिइने छैन वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन वा सजाय दिइने छैन' भनेर जुन व्यवस्था गरेको छ, त्यसले पौराणिक अहिंसाको अवधारणालाई झल्काउँदछ। धारा १० को 'प्रत्येक व्यक्तिलाई आफ्नो अधिकार र दायित्वको निर्धारण गर्न तथा आफूविरुद्धको कुनै पनि फौजदारी अभियोगका सम्बन्धमा स्वतन्त्र न्यायाधिकरणबाट निष्पक्ष रूपमा सार्वजनिक सुनुवाइको पूर्ण समानताका साथ अधिकार छ' र धारा १९ मा 'सबैलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार छ । यस अधिकारमा हस्तक्षेपविना विचार राख्ने र कुनै पनि माध्यमबाट सीमाको परवाह नगरी जानकारी प्राप्त गर्ने र प्रसार गर्ने स्वतन्त्रता समावेश छ' भन्ने व्यवस्थाले पनि पौराणिक धार्मिक मान्यताअनुसारको सत्यको अवधारणा बोकेको छ। धारा १७(२) को 'कसैलाई पनि मनमानी रूपमा उसको सम्पत्तिबाट वञ्चित गरिने छैन' भन्ने व्यवस्थाले पुराणमा बताइएको अस्तेयको (चोरी गर्नुहुँदैन भन्ने नियमको) अवधारणालाई समेटेको छ। यसरी पौराणिक ग्रन्थहरूमा कर्तव्यका रूपमा वा धार्मिक आचरणका रूपमा समाजलाई व्यवस्थित गर्न निर्दिष्ट नियमहरूलाई नै आधुनिक मानव अधिकारमा व्यक्तिको अधिकारका दृष्टिकोणबाट उल्लेख गरिएको देखिन्छ। यसरी विवेचना गर्दा मानव अधिकारका कुराहरू हाम्रा धार्मिक ग्रन्थमा विभिन्न रूपमा निर्दिष्ट विषय नै हुन्, नौला विषय होइनन् भन्ने स्पष्ट हुन्छ (सिवाकोटी, २०७७, पृ.३१)।

**इतिहास-पुराणका मूल्य-मान्यता र मानव अधिकारको सम्बन्ध**

पौराणिक मानवीय साधारण धर्म तथा मूल्य-मान्यताहरूमा र आधुनिक मानव अधिकारका सिद्धान्तमा केही मात्रामा समानता पनि देखिन्छ। शाश्वत मूल्य र मान्यताहरू ठाउँअनुसार फरक किसिमले प्रस्तुत भए तापनि तिनको सार उस्तैउस्तै नै हुन्छ। त्यसैले धर्म र संस्कृतिको स्रोतका रूपमा पनि रहेको पौराणिक वाङ्मयमा वर्तमान कालका मानव अधिकारका अवधारणाहरू पनि विविध रूपमा अवश्य नै हुने भए।

**जीवन र व्यक्तिगत सुरक्षाको अधिकारको सुनिश्चितता**

सबैभन्दा आधारभूत मानव अधिकार भनेको जीवनको अधिकार अर्थात् बाँच्न पाउने अधिकार हो, जसअन्तर्गत अहिंसाको सिद्धान्त र अन्यायपूर्ण हत्याविरुद्धको निषेधक नियम पौराणिक ग्रन्थहरूमा पाइन्छन्। महाभारतमा भनिएको छ–

अहिंसा परमो धर्मस्तथाऽहिंसा परं तपः।
अहिंसा परमं सत्यं यतो धर्मः प्रवर्तते॥ (महाभारत, अनुशासनपर्व ११६।२५)

यसको अर्थ 'अहिंसा नै सर्वोच्च धर्म हो' भन्ने हुन्छ। यो सिद्धान्त पौराणिक ग्रन्थहरूमा मात्र होइन, जैन र बौद्ध धर्ममा पनि जीवनको सुरक्षाका लागि आधारभूत नियमका रूपमा स्थापित भएको देखिन्छ। यसबाट अनुचित हत्या, हिंसा र क्रूरताका विरुद्ध सबल रूपमा निषेध गरिएको स्पष्ट हुन्छ। साथै यातनाविरूद्धको हक पनि यसै धर्मको पालनाबाट सम्भव छ। स्मृति-पुराणहरूमा मृत्युदण्डको नियम अत्यन्त विरल रूपमा मात्र पाइन्छ, बरु यस्तो कठोर दण्डभन्दा देशनिकाला र विविध अपमानात्मक दण्ड रुचाइएको भेटिन्छ। मानवजीवनको पहिलो आधार भ्रूण (गर्भ) अवस्थादेखि नै संरक्षणको व्यवस्था गर्दै सकुशल जन्मिने व्यवस्थाको वा अधिकारको सुनिश्चितता पौराणिक ग्रन्थहरूले गरेका छन्।

**विभिन्न दुष्कर्म वा पातक गर्दा दण्डका रूपमा नरकयातना**

पौराणिक ग्रन्थहरूमा भ्रूणहत्यालाई पातकहरूमध्येको एक मान्दै भ्रूणहत्या गर्ने व्यक्तिलाई नरकयातनाको व्यवस्था भएको उल्लेख गरिएको छ। सुजनता वा दुर्जनताअनुसार अनुशासन सिकाउने वा दण्ड दिने कुरा निर्धारण गर्नुपर्ने भन्ने गरुडपुराणमा उल्लेख छ। त्यहाँ 'राम्रो विचार भएका मानिसहरूका लागि गुरुले शिक्षा दिन्छन्, जो दुष्ट हुन्छन् वा दृश्य रूपमा पाप गर्छन् तिनीहरूका लागि राजा अथवा शासकले दण्डद्वारा शिक्षा दिन्छन् र जो यस लोकमा गोप्य रूपले पाप गर्छन् वा अतिदुष्ट हृदयवाला हुन्छन् उनीहरूका लागि चाहिँ सूर्यपुत्र यमराजले नरकयातनाद्वारा शिक्षा दिन्छन्' भनेर सज्जनहरूका लागि गुरुले, दुर्जनहरूका लागि शासकले र अतिदुर्जनहरूका लागि यमराजले अनुशासन सिकाउँछन् अथवा दण्ड दिन्छन् भन्ने कुरा स्पष्ट पारिएको छ–

गुरुरात्मवतां शास्ता राजा शास्ता दुरात्मनाम्।
इह प्रच्छन्नपापानां शास्ता वैवस्वतो यमः॥ (गरुडपुराण, प्रेतकल्प, ४६।८)

यसप्रकार पापको (अपराधको) नियन्त्रण गर्न शासकका दण्डले नसकेमा यमराजले दिने दण्डको व्यवस्था गर्दै मनुष्यलाई पाप वा अपराधबाट विमुख गराउन पुराणहरूले अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बुझिन्छ। अतिविशिष्ट सज्जनबाहेक सर्वसाधारण मानिस आस र त्रासबाट प्रेरित भएर काम गर्ने हुँदा राम्रो काम गरे स्वर्गप्राप्ति हुने (सुख पाइने) र नराम्रो काम गरे नरकको यातना भोग्नुपर्ने (दुःख पाइने) भन्ने पौराणिक सिद्धान्तले सुशासन र लोककल्याणका निम्ति सारै ठुलो काम गरेको देखिन्छ। भूमिको तलतिर विभिन्न प्रकारका नरकहरू हुने र त्यहाँ पापअनुसारका दण्डहरू मृत्युपछि सूक्ष्म शरीरले भोग्नुपर्ने कुराको उल्लेख गर्दै पापअनुसारको नरकयातनाको वर्णन सबै पुराणहरूमा गरिएको देखिन्छ। अपराधको फल अत्यन्त भयावह हुन्छ भनेर प्रत्येक व्यक्तिको मनभित्र विशेष त्रास पारेर दुर्जनहरूलाई समेत अपराधबाट सर्वथा विमुख बनाउन विशेष गरी

गरुडपुराणले विस्तृत रूपमा नरकयातनाको वर्णन गरेको हो भन्ने बुझिन्छ। 'भ्रूणहत्या, गोहत्या र अर्काका घरमा आगो लगाउने काम गर्नेका लागि रोधनामक नरकमा यातना दिइने व्यवस्था'को उल्लेख पनि त्यहीँ गरिएको छ–

भूमेरधस्तात् ते सर्वे रौरवाद्याः प्रकीर्तिताः।

रोधे गोघ्नो भ्रूणहा च अग्निदाता नरः पतेत्॥ (गरुडपुराण, प्रेतकल्प, ३।५५)

पापीजनहरूका लागि उनीहरूको पापअनुसारका नरकहरू र नरकमा दिइने यातना पनि फरक-फरक हुन्छन्। पापी मानिसका सूक्ष्म देहहरूले नरकमा यातना भोगेर आआफ्नो पापको क्षय गर्छन्, अनि पापअनुसारको नरकयातना भोगिसकेपछि पापैअनुसारका विशेष विशेष तल्ला श्रेणीका योनिहरूमा जन्म लिई क्रमशः पापक्षय भएपछि फेरि एकपटक धर्म गर्नका लागि मनुष्यदेह प्राप्त गर्दछन्। अहोभाग्यले मनुष्यदेह पाएपछि फेरि पापाचारमा लिप्त भए त्यही दुःखमय नरकको यातना र तुच्छ योनिहरूमा जन्मको चक्र चलिरहन्छ र मोक्ष प्राप्त हुँदैन भनी सबै पुराणहरूमा नरकहरूको चर्चाका क्रममा उल्लेख गरिएको छ। शिवपुराणमा पनि मनुष्यजन्मलाई मोक्षको साधनभूत जन्म भनिएको छ–

मानुष्यं च समासाद्य स्वर्गमोक्षप्रसाधनम्।

नाऽऽचरत्यात्मनः श्रेयः स मृतः शोचते चिरम्॥

देवासुराणां सर्वेषां मानुष्यं चाऽतिदुर्लभम्।

तत्सम्प्राप्य तथा कुर्यान्न गच्छेन्नरकं यथा॥

स्वर्गापवर्गलाभाय यदि नास्ति समुद्यमः।

दुर्लभं प्राप्य मानुष्यं वृथा तज्जन्म कीर्तितम्॥ (शिवपुराण, उमासंहिता, २०।३०-३२)

अर्थात्–जो मनुष्य स्वर्ग र मोक्षको साधनभूत मनुष्यजन्म पाएर पनि आफ्नो परम कल्याण गर्ने आचरण गर्दैन त्यो मरिसकेपछि चाहिँ लामो समयसम्म शोक गर्दै बस्छ। सबै देवता र असुरहरूलाई पनि मनुष्यजन्म एकदमै दुर्लभ छ। अतः यसलाई प्राप्त गरेपछि त्यस्तो कर्म गर्नुपर्छ, जस्तो गर्दा नरक जानु नपरोस्। यस्तो दुर्लभ मनुष्यजन्म पाएर पनि यदि स्वर्ग र मोक्षका लागि प्रयत्न गरिँदैन भने त्यो जन्म व्यर्थ हुने' कुरा यहाँ बताइएको छ।

यसप्रकार मानवजन्मलाई सत्कर्म गरेर धर्मसञ्चयका लागि प्रयोग गर्न पुराणहरूले प्रेरित गरेका छन्। यस्तो दुर्लभ अमूल्य मानवजन्मको सुरक्षाका निम्ति बाँच्न पाउने अधिकारको अवधारणा झल्काउँदै हत्याहिंसाजस्तो जघन्य अपराधलाई न्यूनीकरण गर्न त्यस्ता अपराध गर्नेलाई कडाभन्दा कडा राजदण्ड तथा यमदण्ड प्राप्त हुने व्यवस्था भएको कुरा पौराणिक ग्रन्थहरूले देखाएको हो।

## समानताको हक र सम्मानपूर्वक बाँच्न पाउने अधिकार

नेपालको संविधानमा सम्मानपूर्वक बाँच्न पाउने हक र कसैलाई पनि मृत्युदण्ड नदिइने व्यवस्था उल्लिखित छन् (नेपालको संविधान २०७२, धारा १६)। त्यसै गरी धारा १८ मा समानताको हकको उल्लेख गरिएको छ, जसअन्तर्गत सबै मानवजातिले बाँच्न पाउने मात्रै होइन, अपितु जाति, धर्म, वर्ण, लिङ्ग, सम्प्रदाय इत्यादिका आधारमा भेदभावरहित प्रकारले सम्मानपूर्वक बाँच्न पाउने व्यवस्थासमेत गरिएको छ। पौराणिक ग्रन्थहरूमा वर्ण, आश्रम र अन्य विविध परिस्थितिअनुसार फरकफरक व्यवस्थाहरू गरिएका छन् तापनि ती पनि शाश्वत न्यायसिद्धान्तका अनुकूल नै छन्। साथै न्यायपूर्ण र लोककल्याणकारी व्यवस्थाका निम्ति धर्मशास्त्रहरू उदार पनि देखिन्छन्। इतिहास-पुराणका ग्रन्थमा आध्यात्मिक समानता पनि देखाइएको छ। श्रीमद्भगवद्गीतामा श्रीकृष्णले भन्नुभएको छ–

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाऽप्यहम्॥ (श्रीमद्भगवद्गीता ९।२९)

अर्थात्– म सबै जीवित प्राणीहरूमा समान छु, कोही पनि मेरा निम्ति घृणित वा प्रिय छैनन् तर जसले भक्तिको आश्रय लिएर परमात्मा मानेर मेरो आराधना गर्छन्, तिनीहरू ममा छन् र म तिनीहरूमा छु'। यसबाट सामाजिक स्थितिको (लिङ्ग, वर्ण, धनी, गरिब इत्यादिको) वास्ता नगरी भक्तियोगमा आध्यात्मिक समानता रहने कुरा बुझिन्छ।

पृथ्वीमा भएका सबै मानिस सुखी होउन्, सबै निरोगी होउन्, सबैले कल्याणकारक वस्तु देखुन्, कोही पनि दुःखी नहोस्' भन्ने प्रसिद्ध पौराणिक भनाइले पनि सबैले समान रूपले सुखसुविधा पाउन पर्ने सिद्धान्त स्वीकृत गरेको तथ्य स्पष्ट हुन्छ–

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत्॥ (प्रसिद्ध सूक्ति)

यस उक्तिमा मानव अधिकारका धेरै कुरा झल्किएका छन्। यसबाट गास, वास, कपास, स्वास्थ्य, शिक्षा, मनोरञ्जन इत्यादि मानवजीवनका आधारभूत आवश्यकता सबै जनालाई प्राप्त हुनुपर्छ, सबैले सुखसुविधा पाएर आनन्दसित बाँच्न पाउनुपर्छ, सबैले स्वास्थ्योपचार पाएर निरोगी हुन पाउनुपर्छ, राज्यमा कसैले पनि दुःख पाउनुहुँदैन भन्ने कुरा पौराणिक साहित्यमा राम्ररी व्यक्त भएका कुरा हुन् भन्ने स्पष्ट हुन्छ। "आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्" (आफूलाई प्रतिकूल हुने कुरा अरू कसैलाई पनि नगरोस् भन्ने) यस उक्तिले पनि सबैप्रति न्यायपूर्ण र राम्रो व्यवहार गर्नुपर्ने कुराको निर्देश गरेको छ।

कसैले पनि आफूलाई चाहिनेभन्दा बढी अन्नपात वा धनसम्पत्ति जम्मा गरेर थुपार्न हुँदैन' भन्ने निर्देश पनि श्रीमद्भागवतपुराणमा दिइएको छ–

यावद् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम्।
अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति॥ (श्रीमद्भागवत ७।१४।८)

अर्थात्–त्यति धनमा मात्रै उसको अधिकार हुन्छ जतिले उसको पेट भरिन्छ, यदि त्योभन्दा धेरै धनलाई कसैले आफ्नो मान्दछ भने त्यो व्यक्ति चोर हो र त्यसले दण्ड पाउनुपर्दछ'। यसबाट आर्थिक समानताको र शोषणमुक्त समाजको परिकल्पना पौराणिक साहित्यमा गरिएको कुरा स्पष्ट हुन्छ। यस व्यवस्थाबाट अहिलेको जस्तो कोही अरबपति-खरबपति हुने र कोही खान नपाएर भोकभोकै पर्ने स्थिति कहिल्यै पनि नआउने देखिन्छ। धेरै धन हुनेले दान दिने, यज्ञयागादि गर्ने र लोककल्याणकारी पूर्तकर्म गर्ने व्यवस्था पनि वैदिक धर्ममा गरिएको छ। धेरै धन जम्मा गरेर थुप्र्याउने अवधारणा कुनै पनि ग्रन्थमा उल्लिखित छैन। यसबाट अहिलेकोजस्तो नारामा मात्र सीमित भएको शोषणमुक्त समाज त्यतिबेला व्यवहारमै थियो भन्ने बुझिन्छ। मानव अधिकारको कुरा पनि अहिले धेरैजसो ठाउँमा नारामा मात्र सीमित भएको देखिन्छ। हिजोआज विश्वभरि युद्ध, हत्या, हिंसा, बलात्कार, भ्रष्टाचार, चोरी, डकैती, शोषणजस्ता आपराधिक कार्य अत्यधिक रूपमा वृद्धि भइरहेको देखिन्छ। त्रेता युगका (पौराणिक कालका) राजा श्रीरामचन्द्रको शासनप्रणालीलाई चाहिँ आदर्श मानिन्छ र त्यहाँ सबैले सुख पाएका थिए भन्ने वर्णन पाइन्छ। त्यसैले अहिले पनि सुशासनलाई 'राम-राज्य' भन्ने नाम दिइन्छ।

महोपनिषद्मा उदार चित्त भएका मानिसका लागि सम्पूर्ण पृथ्वी एउटै परिवारजस्तो हो, यो मेरो बन्धु हो त्यो पराई हो भनेर छुट्ट्याउने कुरा क्षुद्र चित्त भएकाहरूको हुन्छ' भनी उल्लेख गरिएको छ–

अयं बन्धुरयं नेति गणना लघुचेतसाम्।
उदारचरितानां तु वसुधैव कुटुम्बकम्॥ (महोपनिषद् ६।७१-७२)

यसबाट पनि संसारका सबै मानवले सुखसुविधापूर्ण तरिकाबाट बाँच्न पाउनुपर्छ भन्ने अवधारणा पौराणिक साहित्यमा भएको पुष्टि हुन्छ।

## स्वतन्त्रताको अधिकार

नेपालको संविधानको धारा १७ मा मौलिक हक र कर्तव्यअन्तर्गत स्वतन्त्रताको हक, त्यसकै उपधारा १ मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने कुरा, उपधारा २ मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्ण रूपमा भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा

आवतजावत, बसोबास र रोजगारी गर्ने तथा उद्योग-व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रता हुन्छ भन्ने व्यवस्था गरिएको छ। तर वाक्स्वतन्त्रता छ भन्दैमा अर्कालाई होच्याउने, बिझने र दुःख हुने गरी बोल्न पाइँदैन भन्ने व्यवस्था पनि छ। सभ्य समाजमा स्वतन्त्र मानव पनि यसरी कानुनद्वारा बाँधिएकै हुन्छ।

पौराणिक कालमा पनि मानवकर्तव्य, राजनियम, धार्मिक आचरण र अनुशासनहरूद्वारा प्रत्येक व्यक्ति बाँधिएकै थियो। त्यसबेला स्वतन्त्रताको अवधारणा दुई प्रकारको थियो। एउटा मोक्षका रूपमा र अर्को समाजमै आफू कसैको दास नभईकन आफ्नै किसिमले बाँच्न, बस्न, बोल्न र धर्मकर्म गर्न पाउने व्यवस्थाका रूपमा। अहिलेको स्वतन्त्रताको अधिकारको अवधारणासित पूरैचाहिँ मिल्दैन तर अन्य व्यवस्थासँग मिल्दछ। श्रीमद्भगवद्गीतामा वाणीसम्बन्धी तपस्या भनेको सत्य, प्रिय, हितकारी र अरूलाई उद्वेग नगराउने खालका शब्दहरू बोल्नु र नियमित रूपमा वैदिक साहित्यको अध्ययन गर्नु हो' भनिएको छ–

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत्।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते॥ (श्रीमद्भगवद्गीता १७।१५)

त्यसैगरी सत्य बोल, प्रिय बोल, सत्य भए पनि अप्रियचाहिँ नबोल, प्रिय भए पनि असत्यचाहिँ न नबोल, यो नै सनातन धर्म हो' भनेर समाजमा कस्तो कुरा बोल्ने र कस्तो कुराचाहिँ नबोल्ने भन्ने विषयमा मनुस्मृतिले सचेत गराएको छ–

सत्यं ब्रूयात् प्रियं ब्रूयान् न ब्रूयात् सत्यमप्रियम्।
प्रियं च नाऽनृतं ब्रूयादेष धर्मः सनातनः॥ (मनुस्मृति ४।१३८)

मनुस्मृतिले नै मानिसले आफूलाई मनपर्ने र आत्मसन्तुष्टि हुने कर्म प्रयत्नपूर्वक गरोस्, आफूलाई मन नपर्ने र आत्मसन्तुष्टि नहुने कर्म नगरोस्' भनेर पनि निर्देश दिएको छ–

यत् कर्म कुर्वतोऽस्य स्यात् परितोषोऽन्तरात्मनः।
तत् प्रयत्नेन कुर्वीत विपरीतं तु वर्जयेत्॥ (मनुस्मृति ४।१६१)

यसबाट पौराणिक कालमा मानिसले आफ्ना इच्छाले आत्मसन्तुष्टि हुने गरी समाजले निषेध नगरेको काम स्वतन्त्र रूपमा गर्न पाउने व्यवस्था भएको कुरा स्पष्ट हुन्छ।

महाभारतको शान्तिपर्वमा 'आफूले आफैंलाई धर्मपूर्वक जसरी व्यवहार गरिन्छ, त्यसैगरी सबैलाई व्यवहार गर्नुपर्छ' भनेर भीष्मले युधिष्ठिरलाई उपदेश दिएको भेटिन्छ–

तस्माद् धर्मप्रधानेन भवितव्यं यतात्मना।
तथा च सर्वभूतेषु वर्तितव्यं यथाऽऽत्मनि॥ (महाभारत, शान्तिपर्व १६७।९)

यस उपदेशले पनि मनुष्य स्वतन्त्र प्राणी भएकाले आफ्ना विषयमा स्वतन्त्र भए पनि उसले आफ्ना वाणी र व्यवहारले अरूलाई दुःख पुर्याउन भने हुँदैन भन्ने शिक्षा दिएको पाइन्छ।

**शिक्षामा सबैको अधिकार**

क्षमताअनुसार सबैका लागि शिक्षा समान पहुँचयुक्त बनाइने कुरा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा र नेपालको संविधानमा (धारा ३१) पाइन्छ तथापि शिक्षामा समान रूपले पहुँच पुगेको छैन र पुग्न सम्भव पनि देखिँदैन। यो कुरा नारामा मात्र सीमित हुन पुगेको छ। आर्थिक रूपले सबै उत्तिकै सबल नभईकन यस्तो कल्पना गर्न सकिँदैन। पौराणिक ग्रन्थहरूले ब्राह्मणलाई मात्र अध्ययन-अध्यापनको अधिकार भएको उल्लेख गरेको जस्तो लागे पनि त्यहाँ अन्य जातिका मानिसले पनि यथोचित रूपमा अध्ययनको अवसर पाएको उल्लेख भेटिन्छ। दासीपुत्र (शूद्र) विदुरले आफू अनेक शास्त्रहरूमा पारङ्गत भई धृतराष्ट्रको मन्त्री बनेर उनलाई शास्त्रानुकूल र धर्मानुकूल परामर्श दिने गरेको देखिन्छ। उनी नीतिशास्त्रका अध्ययनले नै प्रतिष्ठित भएको पनि स्पष्ट हुन्छ। उनको उपदेश विदुरनीतिका नामले आज पनि विश्वप्रसिद्ध छ। रामायण, महाभारत र पुराणहरूको तथा नीतिशास्त्र र कलाकौशलहरूको अध्ययन चतुर्थ वर्णका व्यक्तिले पनि गरेको उदाहरण प्राचीन साहित्यमा यत्रतत्र भेटिन्छ।

महिलाको पनि शिक्षामा अधिकारमात्र होइन, राम्रो पहुँचसमेत हुने गरेको कुरा प्राचीन ग्रन्थहरूबाट देखिन्छ। वैदिक कालमा अदिति, अपाला, इन्द्राणी, उर्वशी, गोधा, घोषा, यमी, लोपामुद्रा, विश्ववारा, शची, शश्वती इत्यादि मन्त्रद्रष्ट्री विदुषी महिलाहरू भएको देखिन्छ (कौण्डिन्न्यायन, २०६३, पृ.१०९)।

पौराणिक कालमा पनि मदालसाजस्ती ब्रह्मज्ञानी स्त्री भएको र उनले आफ्ना पुत्रहरूलाई ब्रह्मज्ञान र राजनीति दुबैको उपदेश दिएको कुराको वर्णन मार्कण्डेयपुराणमा भेटिन्छ। वैदिक धर्मशास्त्रहरू हेर्दा स्त्री र पुरुषहरू आजीवन अविवाहित नै रही अध्ययन-मननमा समर्पित रहन पनि सक्ने व्यवस्था भएको देखिन्छ। त्यहाँ सानै उमेरमा कन्याको विवाह गरिदिनुपर्ने कुरा बाध्यात्मक रूपमा लेखिएको पनि पाइँदैन। मनुस्मृतिमै 'बरु कन्या नमरुञ्जेल घरैमा बसोस् तर गुणहीन वरलाई कन्या कहिल्यै पनि नदिनू' भनिएको छ–

> काममामरणात् तिष्ठेद् गृहे कन्यर्तुमत्यपि।
> न चैवैनां प्रयच्छेत् तु गुणहीनाय कर्हिचित्॥ (मनुस्मृति ९।८९)

अतः वर्ण र लिङ्गका आधारमा शिक्षाबाटै कसैलाई पनि वञ्चित गर्ने सिद्धान्त पौराणिक कालमा पनि थिएन भन्ने कुरा शास्त्रीय ग्रन्थहरूबाटै पुष्टि हुन्छ।

## महिला अधिकार

विशेष गरी महिलामाथि हुने भेदभाव, हिंसा र शोषणबाट संरक्षण गरी समाजका विभिन्न क्षेत्रमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने अधिकारलाई महिला अधिकार (हक) भनेर बुझ्न सकिन्छ। संविधानको धारा ३८(१) मा महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, ३८(२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन-स्वास्थ्यसम्बन्धी हक हुने र ३८(३) मा महिलाविरुद्ध धार्मिक, सामाजिक र सांस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नहुने भन्ने व्यवस्था गरिएका छन्। यस्तैयस्तै खालका व्यवस्था स्मृति, पुराण आदि धर्मग्रन्थहरूमा पनि पाइन्छन्। हिन्दु धर्मग्रन्थहरूमा स्त्रीधनको विशेष व्यवस्था गरिएको छ साथै महिलाको अवस्थाअनुसार उसले पाउने अंशधनको व्यवस्था पनि स्मृतिग्रन्थहरूमा गरिएको छ (कौण्डिन्न्यायन, २०६३, पृ.१९१-१९२)। महिलालाई सुरक्षित राख्ने दायित्व पिता, भ्राता (दाजुभाइ), पति, पुत्र र राजाको (शासकको) समेत हो भनेर बताइएको छ। पुरुषलाईभन्दा महिलालाई बढी सुरक्षा चाहिने कुरा महिलाको प्राकृतिक अवस्थाले गरेको हो, जुन कुरा अहिले पनि अनुभूत हुन्छ। 'पत्नीको भरणपोषण र रक्षाको जिम्मेवारी पतिको हुन्छ किनभने पत्नी धर्म, अर्थ र काम यी तीन पुरुषार्थ सिद्ध गर्न पतिकी सहायिका हुन्छिन्' भनेर मार्कण्डेयपुराणमा उल्लेख गरिएको छ–

भर्तव्या रक्षितव्या च भार्या हि पतिना सदा।
धर्मार्थकामसंसिद्ध्यै भार्या भर्तुः सहायिनी॥ (मार्कण्डेयपुराण १९।६९–७०)

महाभारतको शान्तिपर्वमा 'ढुङ्गामाटोको घरलाई घर (गृह) भनिँदैन, गृहिणी (पत्नी) लाई घर भनिन्छ, गृहिणी नभएको घर त वनजस्तै हो' भनेर गृहिणीको महत्त्व दर्साइएको छ–

न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते।
गृहं तु गृहिणीहीनमरण्यसदृशं मतम्॥ (महाभारत, शान्तिपर्व १४४।६)

त्यसैगरी मनुस्मृतिमा 'जहाँ नारीहरूको आदर-सत्कार गरिन्छ त्यहाँ देवता पनि रमाउँछन्, जहाँ उनीहरूको आदर-सत्कार गरिँदैन त्यहाँ गरिएका सम्पूर्ण धार्मिक कार्य निष्फल हुन्छन्' भनेर समाजमा नारीहरूको सम्मानित स्थान रहनुपर्ने उल्लेख गरिएको छ–

यत्र नार्यस् तु पूज्यन्ते रमन्ते तत्र देवताः।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राऽफलाः क्रियाः॥ (मनुस्मृति ३।५६)

यसरी हाम्रा शास्त्रमा महिलाको महत्त्व देखाइएको छ। अहिले महिलाहरूका लागि संविधानको धारा ३८(५) अन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक

विभेदका आधारमा विशेष अवसरहरू प्राप्त गर्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ र तदनुकूल रूपमा विभिन्न नियमहरू बनाइएका छन्। धार्मिक ग्रन्थहरूमा पनि यस्तो सकारात्मक विभेदका कुरा भेटिन्छन्। शास्त्रमा बताइएका महिला र पुरुषका भिन्नभिन्न विशेष नियम पनि स्त्री-पुरुषको प्राकृतिक भिन्नतालाई हेरेर सकारात्मक उद्देश्यले नै भएको कुरा विज्ञहरू बताउँछन्। समान पापकर्म गर्दा पुरुषलाईभन्दा महिलालाई आधा प्रायश्चित्तको व्यवस्था गरिएको छ– "प्रायश्चित्तार्धमर्हन्ति स्त्रियो रोगिण एव च" (विष्णुस्मृति ५४।३३)। अन्य कतिपय विषयमा पनि महिलाहरूलाई पुरुषलाई भन्दा बढी सुविधा शास्त्रले दिएको देखिन्छ।

## सामाजिक सुरक्षाको अधिकार

स्मृति-पुराणहरूमा प्रजाको सुरक्षाको जिम्मेवारी राजाको (शासकको) हुने र जसका प्रजाहरू सुरक्षित हुन्छन् त्यो राजा नै स्वर्ग जाने कुरा बताइएको छ। यसबाट राजधर्ममा सामाजिक सुरक्षाको अधिकारको अवधारणासमेत भएको बुझिन्छ। पौराणिक कोश पनि मानिने अग्निपुराणमा 'त्यस्ता राजाको यज्ञ र तपस्याको के अर्थ? जसका प्रजा नै सुरक्षित छैनन्, जुन राजाका प्रजा सुरक्षित छन् स्वर्ग उसका लागि त घरजस्तै हो' भनेर प्रजा सुरक्षित गर्ने राजा स्वर्ग जाने र प्रजालाई सुरक्षित राख्न नसक्ने राजाले जति यज्ञ तथा तपस्या गरे पनि त्यो व्यर्थ हुने कुरा बताइएको छ–

किं यज्ञैस्तपसा तस्य प्रजा यस्य न रक्षिताः।
सुरक्षिताः प्रजा यस्य स्वर्गस्तस्य गृहोपमः॥ (अग्निपुराण २२३।९)

त्यसैगरी रामायणमा प्रजाको सन्तुष्टिका लागि रामले सीतालाई त्याग गरेको प्रसङ्ग पनि पढ्न पाइन्छ। त्यहाँ जनताले सीतामाथि अविश्वासको प्रश्न उठाउँदा रामले प्रजाको विश्वास जित्न गर्भवती सीतालाई समेत त्याग गरेको प्रसङ्ग भेटिन्छ। यस प्रसङ्गले रामराज्यमा प्रजा नै सर्वोपरि थिए भन्ने कुरा देखाउँछ। मत्स्यपुराणमा पनि राज्यको मुख्य जिम्मेवारी राजाको हुने र जनताको सुरक्षा पनि राजाको धर्म (कर्तव्य) हुने कुरा बताइएको छ। त्यसैगरी विदुरनीतिमा पनि राजाले प्रजाहरूको कल्याणका निम्ति नै कार्य गर्नुपर्छ भनेर निर्देश दिइएको छ।

## रोजगारीको अधिकार

महाभारतको शान्तिपर्वमा युधिष्ठरलाई भीष्मले राजाका कर्तव्यहरू सिकाउँदै गर्दा राजाले प्रजाहरूलाई सुरक्षा गर्नुपर्ने, प्रजाहरूलाई बाँच्नका लागि रोजगारी दिनुपर्ने र कृषिकर्म गर्नेहरूलाई सुरक्षाको प्रत्याभूति दिनुपर्ने कुराहरू आएका छन्। यदि राज्यमा ब्राह्मण असहाय भएर देश छोड्न चाहन्छ भने राजाले उसको समस्या सुल्झाउन पर्छ, साथै व्यापारीहरूको व्यापारमा र कृषकहरूको कृषिमा पनि समस्या छ कि छैन भनेर जाँचबुझ गर्नुपर्छ भन्ने नियमसमेत त्यहाँ भेटिन्छ। 'यदि राजाले

प्रजापालन नगर्ने हो भने चारै वर्णको पोषण गर्ने कृषि र व्यापार केही पनि नहोला, धर्म डुब्ला, वेद पनि लुप्त होलान्' भनेर राजाको (शासकको) कर्तव्य प्रस्तुत गरिएको छ–

न योनिपोषो वर्तेत न कृषिर्न वणिक्पथः।

मज्जेद् धर्मस्त्रयी न स्याद् यदि राजा न पालयेत्॥ (शान्तिपर्व, राजधर्मपर्व, ६८।२१)

महाभारतकै सभापर्वमा मयनिर्मित अलौकिक सभामा युधिष्ठिर बसेका बेलामा नारद आएर कुशल-मङ्गल र शासनबारे विभिन्न प्रश्नहरू सोधेको प्रसङ्ग आउँछ। त्यहाँ सोधिएका प्रश्नहरूमा नै युधिष्ठिरलाई राजपाटबारे ज्ञान दिइएको छ। त्यहाँ नारदले युधिष्ठिरलाई 'समयमा नै आफ्ना कर्मचारीहरूलाई यथोचित वेतन दिने गरेका छौ कि छैनौ? सधैं धनधान्य दिएर गुरु, वृद्ध, वणिक्, शिल्पकार, शरणागत र दुर्दशामा परेका दीनदुःखीहरूलाई कृपा देखाउने गरेका छौ कि छैनौ?' इत्यादि प्रश्न गरेका छन्। यी प्रश्नहरूले महाभारतकालमा राज्यले जनतालाई रोजगारी दिनुपर्ने एवम् उनीहरूलाई दुःख परेका बेलामा सहयोग र सुरक्षा पनि दिनुपर्ने दायित्वलाई समेत इङ्गित गर्दछन्। त्यहाँको उक्ति यसप्रकारको छ–

कच्चिद् बलस्य भक्तं च वेतनं च यथोचितम्।

सम्प्राप्तकालं दातव्यं ददासि न विकर्षसि॥ (महाभारत, सभापर्व ५।३८)

कच्चिज्ज्ञातीन् गुरून् वृद्धान् वणिजः शिल्पिनः श्रितान्।

अभीक्ष्णमनुगृह्णासि धनधान्येन दुर्गतान्॥ (पूर्ववत् ५।६१)

यसरी राजाले प्रजालाई आफ्नै पुत्रझैं गरेर पालन गरेपछि त्यतिबेला पनि राष्ट्रमा आधुनिक मानव अधिकारअनुसारको यथोचित सुविधामा सबैको अधिकार स्वतः रहने गरेको थियो भन्ने कुरा स्पष्ट हुन्छ।

## मानव अधिकार र पौराणिक व्यवस्थामा रहेको भिन्नताको विवेचना

वेद, स्मृति र पुराणहरूमा भएका कतिपय व्यवस्था आधुनिक मानव अधिकारका व्यवस्थाभन्दा भिन्न रूपका पनि पाइन्छन्। मानव अधिकारका प्रसङ्गमा निरपेक्ष रूपमा प्रयोग गरिने समानता र विभेद भन्ने शब्दले इङ्गित गरेका विषयलाई पौराणिक ग्रन्थहरूले फरक ढङ्गले व्याख्या गर्ने गरेको देखिन्छ। अर्थात् धर्मशास्त्रीय र पौराणिक ग्रन्थहरूमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चार वर्णहरूका तथा ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र सन्न्यासी यी चार आश्रमीहरूका कर्तव्य र अधिकारमा भिन्नता देखाइएका छन्। कर्म र अवस्थाले फरक स्थितिमा रहेका व्यक्तिहरूमा स्वाभाविक रूपमै विशेष भिन्नता हुने भएकाले नै धर्मग्रन्थहरूले पनि वर्ण, आश्रम, पेसा, योग्यता, क्षमता, रुचि, आवश्यकता इत्यादिलाई हेरेर तिनको कर्तव्य र अधिकारमा भिन्नता देखाएका हुन् भन्ने बुझिन्छ।

त्यसैले वर्णाश्रमको यो व्यवस्था अन्यायपूर्ण नभएर सबैलाई आआफ्ना क्षमता र रुचिअनुसार जीवनयापन गर्न दिने र समाजमा आवश्यक विविध कार्य गर्ने जनशक्तिलाई व्यवस्थापन गर्ने उद्देश्यले नै भएकाले समाजव्यवस्थापनका निम्ति यस्तो विविधता उचित र आवश्यक पनि हो भन्ने वैदिक समाजशास्त्रीहरूको भनाइ पाइन्छ। अहिले पनि धनी र गरिब, सुविधाभोगी र पिछडिएका, दुर्बल र बलशाली, शिक्षित र अशिक्षित, सबलाङ्ग र विकलाङ्ग, महिला र पुरुष इत्यादिलाई समान व्यवहार गर्दा अन्याय हुन्छ भनेर विशेष फरक व्यवस्थाहरू राज्यले गरेको पाइन्छ। त्यस्ता व्यवस्थालाई अचेल सकारात्मक विभेद भन्न थालिएको छ। धर्मशास्त्रीय र पौराणिक ग्रन्थहरूमा पाइने असमान व्यवस्था पनि यस्तै हुन् भन्ने विवेचकहरूको निष्कर्ष रहेको देखिन्छ (कौण्डिन्न्यायन, २०६३, पृ.१०६)।

## निष्कर्ष

केही भिन्नता भेटिए तापनि आधुनिक मानव अधिकारका सिद्धान्तमा समेत पौराणिक शाश्वत मानवीय मूल्य र मान्यताहरू नै मूलतः रहेका छन्। पुराणहरूमा धर्मबाटै कल्याण भएको र एउटाले आफ्नो कर्तव्य पालन गर्दा अर्कोले सुखसुविधा पाएको कुरा भेटिन्छ भने आधुनिक मानव अधिकारमा पनि नागरिकका कर्तव्यहरूको व्यवस्था गरिएको पाइन्छ। पौराणिक कालमा वा आधुनिक कालमा पनि कर्तव्यविना अधिकारको मात्र कल्पना गर्न सकिँदैन। यस तथ्यलाई सबैले आत्मसात् गरेर मानवकल्याणका लागि आआफ्ना कर्तव्य (धर्म) सबैले पालन गर्नुपर्छ।

स्मृति-पुराणादि शास्त्रमा वर्णाश्रमधर्म, राजधर्म, आपद्धर्म, पत्नीधर्म, पतिधर्म इत्यादि विभिन्न धर्महरूको व्यवस्था गर्दै सबैको कल्याणका लागि सबैका कर्तव्यहरूको व्यवस्था गरिएको छ। तिनको पालना नगरेमा शासकबाट हुने दण्ड र यमराजबाट प्राप्त हुने दण्डको व्याख्या गर्दै मानिसहरूलाई सन्मार्गमा लाग्न प्रेरित पनि गरिएको छ।

मानवीय मूल्य वा धर्महरू शाश्वत विषय हुन्। त्यसैले ती सदा अपरिवर्तित रूपमै रहन्छन् तथापि पौराणिक कालमा रहेका अहिंसा, सत्य, न्याय, दया, क्षमा, दान, परोपकार इत्यादि विशिष्ट मानवीय धर्म अचेल कम हुँदै गएका देखिन्छन् ।तिनको जगेर्नाको निम्ति नैतिक शिक्षा, धार्मिक शिक्षा र तिनको व्यावहारिक अभ्यास पनि आवश्यक हुन्छन्।

## सन्दर्भ-सामग्रीहरू


कृष्णमाचार्य, सम्पा. वी. (सन् १९६४). *विष्णुस्मृति.* दि अड्यार लाइब्रेरी याण्ड रिसर्च सेण्टर।

कौण्डिन्न्यायन, आमोदवर्धन (वि.सं.२०६० असोज). युद्धमा के गर्नुहुन्छ के हुँदैन, *हिमाल,* वर्ष १३, अङ्क ११, पृ. १४-१५।

कौण्डिन्न्यायन, आमोदवर्धन (वि.सं.२०६३). *वैदिक धर्मशास्त्र र सम्पत्तिमा महिलाको अधिकार.* साझा प्रकाशन।

कौण्डिन्न्यायन, शिवराज आचार्य (वि.सं. २०८०). *वैदिक धर्म मूल रूपमा* (तृतीय संस्करण). स्वाद्ध्यायशाला।

झा, रोशनकुमार (वि.सं.२०८१ असार). मानव अधिकारसम्बन्धी वैदिक विधिशास्त्र र नेपालको संविधान तथा अन्तर्राष्ट्रिय कानुनमा प्रयुक्त व्यवस्थाबारेको समीक्षात्मक अध्ययन, *संवाहक,* वर्ष ९, अङ्क २३, पृ.१-२२।

देवकोटा, अनु. माधवप्रसाद (वि.सं.२०३०). *कठोपनिषद् (ईशादि नौ उपनिषद्).* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

देवकोटा, माधवप्रसाद (अनु.) (वि.सं.२०३१). *बृहदारण्यकोपनिषद्.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

नेपाल सरकार. (वि.सं. २०७२). *नेपालको संविधान.* कानून किताब व्यवस्था समिति।

पराशर (वि.सं.२०४१). *विष्णुपुराणम्* (श्रीमुनिलाल गुप्त अनु., नवौं संस्क.). गीताप्रेस।

मनु (सन् २००८). *मनुस्मृतिः* (शिवराज आचार्य कौण्डिन्न्यायन सम्पा. तथा अनु.). चौखम्बा विद्याभवन।

संयुक्त राष्ट्रसंघ (सन् १९४८). *मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८* ।

The British Library (1215). *म्याग्ना-कार्टा [Original charter].* https://www.bl.uk/magna-carta/articles/magna-carta-english-translation

व्यास (सन् १८८२). *अग्निपुराणम्* (जीवानन्द भट्टाचार्य सम्पा.). कलकत्ता।

व्यास (सन् २००४). *गरुडपुराणम्, प्रेतकल्प* (शिवराज आचार्य कौण्डिन्न्यायन सम्पा. तथा अनु.). चौखम्बा विद्याभवन।

व्यास (सन् १९८३). *मार्कण्डेयपुराणम्* (राजेन्द्रनाथ शर्मा सम्पा.). नाग प्रकाशक।

व्यास (सन् १९८२). *महाभारत : सभापर्व* (दामोदर सातवलेकर सम्पा. द्वितीय संस्क.). स्वाध्याय मण्डल।

व्यास (सन् १९७९). *महाभारत : शान्तिपर्व* (दामोदर सातवलेकर सम्पा. प्रथम संस्क.). स्वाध्याय मण्डल।

व्यास (सन् १९७८). *महाभारत : अनुशासनपर्व* (दामोदर सातवलेकर सम्पा. प्रथम संस्क.). स्वाध्याय मण्डल।

व्यास (वि.सं.२०८०). *शिवमहापुराणम्* (काशीनाथ न्यौपाने सम्पा. तथा अनु.). गीताप्रेस।

व्यास (वि.सं.२०७५). *श्रीमद्भगवद्गीता,* गीताप्रेस, गोरखपुर।

व्यास (वि.सं. २०७५). *श्रीमद्भागवतमहापुराणम्,* गीताप्रेस।

शर्मा, वासुदेव (सम्पा.) (सन् २००४).*महोपनिषद् (ईशाद्यष्टोत्तरशतोपनिषदः).* व्यास प्रकाशन।

सिवाकोटी, कैलासकुमार (वि.सं.२०७७ मङ्सिर) पूर्वीय दर्शनभित्र मानव अधिकार. *संवाहक,* वर्ष ६, अङ्क १७, पृ.३१-५४।